# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# विराटनगर ।

☎: ०२१:४६१९६५
इमेल: puoemgt@puexam.edu.np


प.स.च.नं.: ६०.../०८२-०८३

मिति : २०८२/०४/२०

**श्रीमान् निर्देशक/क्याम्पस प्रमुखज्यू,**
**BBA शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस / कलेजहरू ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह ४ वर्षे BBA शैक्षिक कार्यक्रमको छैठौं सेमेष्टरको आंशिक तर्फका परीक्षार्थीहरुको (सन २०२५) मा सञ्चालन गरिने परीक्षाका लागि **मिति २०८२/०४/२८ गते** सम्म परीक्षा आवेदन फाराम भराई **परीक्षा आवेदन फाराम, नियमानुसारको परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर कलेज/क्याम्पसका **प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा तोकिएको म्याद समाप्त भएको ०३ दिन भित्र उपलब्ध गराउन** जानकारी गराइन्छ। सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। **साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलव्य गराउन हुन समेत जानकारी गराईन्छ ।**

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई अभिलेख तयार गरि Subject-wise Data बनाइ पठाउनु पर्नेछ।

(२) **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।**

(३) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका डाइरेक्टर/क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।

(४) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ। तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन। त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ।

(५) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन।

(६) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| **१. परीक्षा शुल्क :** | |
| स्नातक तह तर्फ | |
| क) २०२० समुह देखिका **आंशिक** परीक्षार्थीलाई | रू. १,५००।- |
| ख) अन्य वर्ष तथा समूह (आंशिक तर्फ) | |
| अ) एक विषय सम्म | रु. ५,००।- |
| आ) दुई विषय भएमा | रु. ८,००।- |
| इ) दुई भन्दा बढि विषय भएमा | रु. १,१००।- |
| २. **बिलम्ब शुल्क:** | |
| क) तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १,०००।– |
| ख) परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २,०००।– |
| ग) परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३,०००।– |

परीक्षा नियन्त्रक

**नोटः** विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ।